Sub.Code : 0061'J'

# NEB - GRADE XII
## 2079 (2022)
## सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा
(नयाँ पाठ्यक्रम)

(नियमित परीक्षार्थीका लागि)

*विद्यार्थीहरुले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।*

समय : ३ घण्टा पूर्णाङ्क: ७५

सबै प्रश्नको उत्तर दिनुहोस् ।

### समूह 'क'
अति संक्षिप्त उत्तरात्मक प्रश्नहरु ११x१=११

१. सामाजिक अध्ययन विषयमा समेटिएका सामाजिक विज्ञान र मानविकीका विषयहरुको कुनै दुई नाम लेख्नुहोस् ।

२. सिर्जनात्मक सिप भनेको के हो ?

३. अरुको दु:खलाई आफ्नै दु:ख झैं ठानेर व्यवहार गर्नु कुन जीवनोपयोगी सिप हो ?

४. तपाइँ स्थानीय सम्पदा स्थलको अध्ययन भ्रमणमा जाँदै हुनुहुन्छ ! त्यस सम्पदाका सम्बन्धमा स्थानीय व्यक्तिलाई सोध्नका लागि दुई प्रश्नहरु तयार गर्नुहोस् ।

५. दर्शन भनेको के हो ?

https://dhanrajgurung.com

६. सम्भावित विपद्बाट बच्न आफ्नो पूर्वतयारी कसरी गर्नुहुन्छ ? कुनै दुई उपायहरु लेख्नुहोस् ।

७. कस्तो अवस्थामा प्रदेशमा संयुक्त सरकार गठन हुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

८. नेपालको कानुनअनुसार जनसंख्याको आधारमा तराईको शहरीकरणको मापदण्ड उल्लेख गर्नुहोस् ।

९. नेपालको वैदेशिक व्यापार किन घाटामा छ ? कुनै दुईवटा कारणहरु उल्लेख गर्नुहोस् ।

१०. तपाईंको समुदायमा धेरै मानिसहरु बसाईं सरेर आए भने तपाईंले भोग्नुपर्ने एक समस्या र तपाईंलाई हुने एक फाइदा उल्लेख गर्नुहोस् ।

११. शिक्षा र रोजगारीको अन्तरसम्बन्ध एक वाक्यमा प्रस्तुत गर्नुहोस् ।

### समूह 'ख'
संक्षिप्त उत्तरात्मक प्रश्नहरु ८x५=४०

१२. तपाईंको कुनै एक साथीले साहित्य सिर्जना गर्न लाग्नुभएको छ भने उहाँलाई बौद्धिक चोरीबाट बच्न के कस्ता उपायहरु सुझावको रुपमा प्रदान दिनुहुन्छ ? लेख्नुहोस् ।

**अथवा**

https://dhanrajgurung.com
क्रमश:(Contd...)

१२. किशोर अवस्थाको उमेर समूहमा रहनु भएको तपाईंले संवेग व्यवस्थापनका के कस्ता पक्षहरुको अभ्यास गर्नु भएको छ ? उदाहरण सहित प्रस्तुत गर्नुहोस् ।

१३. लुम्बिनी प्रदेशका सामाजिक विशेषताहरू प्रस्तुत गर्नुहोस् ।

१४. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक (LGBTQ) समूहलाई कसरी समावेशीकरण गर्न सकिन्छ ? उपायहरु लेख्नुहोस् ।

१५. तपाईंले गुगल नक्सा प्रयोग गर्दा प्राप्त हुने कुनै पाँच फाइदाहरु लेख्नुहोस् ।

१६. 'नेपालमा राणा शासन नभएको भए विकासका दृष्टिले नेपाल तेस्रो स्तरको राष्ट्र (Third world country) को रुपमा सिमित भैरहने थिएन' यस भनाईका पक्षमा आफ्ना तर्कहरु प्रस्तुत गर्नुहोस् ।

१७. फौजदारी न्यायका सामान्य सिद्धान्तहरु प्रस्तुत गर्नुहोस् ।

१८. सुरक्षित आप्रवासन भनेको के हो ? सुरक्षित आप्रवासनमा राज्यले खेल्नु पर्ने भूमिका प्रस्तुत गर्नुहोस् ।

१९. स्मार्ट सिटीको अवधारणा अनुरुप विकास गर्न के कस्ता कार्यमा सुधार ल्याउनु पर्दछ ? प्रस्तुत गर्नुहोस् ।

https://dhanrajgurung.com

**अथवा**

"नेपाल भारतबीचको सम्बन्ध उतारचढावपूर्ण रहेको इतिहास छ ।" यस भनाईलाई उदाहरण सहित पुष्टि गर्नुहोस् ।

## समूह 'ग'

### विस्तृत उत्तरात्मक प्रश्नहरु ३x८=२४

२०. कुनै एक भौगोलिक क्षेत्रको अध्ययन भ्रमण गर्नका लागि प्रस्तावनाको एक नमुना तयार पार्नुहोस् ।

२१. पूर्वीय दर्शन र नेपाली समाजबीचको सम्बन्ध उल्लेख गर्नुहोस् ।

**अथवा**

वर्तमान नेपाली संस्कृतिमा प्राचीन र मध्यकालीन इतिहासको प्रभाव देख्न सकिन्छ । कसरी ? लेख्नुहोस् ।

२२. तपाईं कुनै नगरपालिकाको प्रमुख (मेयर) हुनुभयो भने आफ्नो शहरलाई आधुनिक र व्यवस्थित शहरका रुपमा विकास गर्न के गर्नुहुन्छ ? आफ्नो योजना प्रस्तुत गर्नुहोस् ।



https://dhanrajgurung.com